# शब्दकोश

दायाँपट्टि उल्लिखित अङ्कले यो शब्द पाठ्यपुस्तकको कुन पाठमा सबैभन्दा पहिले प्रयोग भएको छ भनी बताउँछ।

| | | पाठ |
|---|---|---|
| अर्थ खोलिएको | – अर्थ वा महत्त्व बताइएको; अनुवाद गरिएको, जस्तै भाषाहरूको अर्थ खोलाई; पवित्र आत्माले शब्दहरू दिनुभएझैं अलौकिक रूपमा अन्य भाषाहरूमा बोलिएका कुराहरूको माने बताउनु। | १ |
| अनुरूपता | – सहमति, मञ्जुरी; सँगसँगै जानु | ६ |
| अन्य भाषाहरू | – अन्य भाषाहरूमा बोल्नु वा *ग्लोसोललिया* भाषामा शब्दहरूको अभिव्यक्ति हो, जुन भाषालाई बोल्ने व्यक्तिले कहिल्यै सिकेको हुँदैन; पवित्र आत्माले नै जिब्रोलाई अधीन गर्नुहुन्छ। | १ |
| अपहरणकारी | – दबाबद्वारा र अधिकारविना नै अरू-हरूलाई अधीन गर्ने; दबाबद्वारा वा अधिकारविना नै शक्ति, ओहोदा, सम्पत्ति वा अधिकार लिई अधीनमा राख्ने, जस्तैः शैतान, दुष्ट (पाठमा प्रयोग भएझैं)। | ४ |
| अवस्थाहरू (शर्तहरू) | – कुनै प्रतिज्ञा पूरा गर्नुभन्दा पहिले प्रस्तुत मागहरू। | ६ |
| अज्ञेयवादी | – परमेश्वरको अस्तित्व वा ज्ञानमा शंका गर्ने व्यक्तिहरू; परमेश्वरको | १ |

| | | |
|---|---|---|
| | अस्तित्वमा विश्वास वा इन्कार गर्ने अनिच्छा | |
| आत्मिक परिपक्वता – | प्रभुमा गहिराइ; विश्वासी अझै येशूजस्तो हुँदा र परमेश्वरको प्रेमद्वारा उत्प्रेरित हुँदा वृद्धिका कदमहरू; विश्वासी अझै येशूजस्तै हुनखोज्दा ख्रीष्टको स्वरूपमा वृद्धि। | ६ |
| अविश्वासी | – अख्रीष्टियान; येशू ख्रीष्टको व्यक्तित्व र काममा उद्धार गर्ने विश्वासको अभ्यास **नगर्ने** व्यक्ति। | २ |
| कल्पना | – दिवा-सपना; मनमा मात्र भएको स्वरुप। | ३ |
| कारिन्दा | – अर्को व्यक्तिको सम्पत्तिलाई हेरचाह गर्ने वा प्रबन्ध गर्ने व्यक्ति ; उसका जिम्मामा राखिएका सरसामानहरूलाई हेरचाह गर्ने जिम्मा पाएका व्यक्ति। | ७ |
| कारिन्दापन | – कारिन्दाको स्थान, कर्तव्यहरू र जिम्मेवारीहरू। | ७ |
| कार्य | – कुनै व्यक्तिले गर्ने विशेष काम; विशेष कामको उद्देश्य वा प्रयोग। | २ |
| काम वासना (कुइच्छा) | जोड़दार वा बलियो पापपूर्ण इच्छा; निषेध गरिएको कुराप्रति निर्देशित पापपूर्णता वा संयम गर्न नसकी पापको कार्य। | ६ |
| कुल-केन्द्रित | – *पाठमा अति विशेष रूपमा प्रयोग* भएको, आफ्नो जीवनको केन्द्रमा ख्रीष्ट हुनुको सट्टा आफ्नो जीवनको केन्द्रमा आफ्नो कुललाई राख्ने व्यक्ति। | ८ |
| कुलो | – केही थोक बग्ने बाटो, केही कुरालाई लैजाने मार्ग। | ७ |

| | | |
|---|---|---|
| घोषणा | – खुलारूपमा बताउनु; सामुहिक रूपमा र आधिकारिक रूपमा अवगत गराउनु; सामुहिक रूपमा प्रशंसा र महिमा गर्नु | ४ |
| चेलाहरू | – कुनै गुरु वा सिद्धान्तलाई स्वीकार गर्ने वा पछ्याउने व्यक्तिहरू; बाइबलमा येशूलाई पछ्याउनेहरू; | ५ |
| छुटकारा | – स्वतन्त्र पार्नु; बन्धनबाट उद्धार गर्नु। | १ |
| जगदीश्वरवादी | – परमेश्वर र विश्व एउटै हो र एकै हो भनी विश्वास गर्ने व्यक्ति। | १ |
| जाति-केन्द्रित | – पाठमा अति विशेष तरीकामा प्रयोग भएको, आफ्नो जीवनको केन्द्रको रूपमा ख्रीष्टको स्थानमा आफ्नै जाति वा वर्गलाई आफ्नो जीवनको केन्द्रमा राख्ने। | ८ |
| तीर्थयात्री | – यात्रामा गएका व्यक्तिहरू; घुमफिर गर्नेहरू; यात्रीहरू; परदेशमा यात्रा गर्ने व्यक्तिहरू। | ३ |
| त्याग | – पूर्ण रूपमा छोड्नु; हटाउनु; पछ्याउन आज्ञापालन गर्न वा पहिचान गर्न इन्कार गर्नु। | २ |
| द्रोही | – अधिकारमा भएको कसैको आज्ञापालन नगर्ने व्यक्ति; आज्ञापालन गर्नुको सट्टा अधिकारको विरुद्धमा विरोध गर्ने वा युद्ध गर्ने व्यक्ति; *विद्रोही;* अनाज्ञाकारी; अधिकारलाई तुच्छ ठान्नु। | ४ |
| धुन्दकारी | – सबै कर्तव्य वा मर्यादा गुमाउने व्यक्ति; परमेश्वरलाई इन्कार गर्ने व्यक्ति। | १ |
| नास्तिक | – परमेश्वर वा अन्य कुनै पनि देवता-हरूको अस्तित्वमा विश्वास नगर्ने व्यक्ति। | १ |

| | | |
|---|---|---|
| नुनिलोपन | – जसले सुरक्षा गर्छ, सुधार गर्छ वा शुद्ध पार्छ; विश्‍वासीको नुनिलोपन; ख्रीष्टको बारेमा भएको विश्‍वासीको ज्ञान र धार्मिकताको जीवन जिउनका लागि ख्रीष्टले उसलाई मद्दत गर्नुहुने भएको कारण आफ्ना वरिपरि भएका-हरूलाई विश्‍वासीको असल प्रभाव। | ३ |
| परदेशी | – अर्को देशबाटको व्यक्ति; बाहिरबाटको व्यक्ति। | ३ |
| परीक्षा | – कुनै सुख वा इनाम दिएर कुनै व्यक्ति-लाई गल्ती गर्न लगाउने कोशिश गर्नु। | ६ |
| प्रतिबद्धता | – केही कुरा गर्ने मञ्जुरी वा प्रतिज्ञा; निरन्तर रूपमा कुनै कार्य गर्ने प्रतिज्ञा। | ६ |
| प्रतिष्ठा | – एक व्यक्तिको चरित्रको बारेमा मानिस-हरूले विचार गर्ने र भन्ने कुरा; सामान्य रूपमा मानिसहरूद्वारा देखिएको वा न्याय गरिएको गुण वा चरित्र। | ४ |
| प्राकृतिक-पूजन | – रूखहरूमा, ढुङ्गाहरूमा, ताराहरूमा जीवित आत्माहरू छन् भनी गरिने विश्‍वास; आत्माहरू देवताहरूभन्दा घटी भए तापनि तिनीहरू व्यक्तिगत छन् र तिनीहरूसँग डराउनुपर्छ र तिनी-हरूलाई आराधना गर्नुपर्छ। | १ |
| प्राथमिकता | – ओहोदा वा स्थानमा उच्च थोकहरू; क्रम वा महत्त्वमा पहिले आउने। | १ |
| पश्‍चात्ताप | – गल्ती गरेकोमा क्षमा माग्नु; आफ्नो पापबाट फर्कनु र ख्रीष्टमा भएको परिवर्तित जीवनमा आफूलाई अर्पण गर्नु। | २ |

| | | |
|---|---|---|
| पाराल्केट | – पवित्र आत्मा, शान्तिदाता र सहयोगी; सहयोग गर्नका लागि सँगै उभिनुहुने। | ६ |
| पीडा | – ठूलो दुःख कष्ट हुनु; मन र शरीरमा ठूलो निराशा। | १० |
| पूर्वाग्रह | – व्यक्तिगत अप्रसन्नता वा निर्दिष्ट धारणाको कारण निर्णय बनाउनका लागि समय वा वास्ता नगरी गरिएको बलियो धारणा। | २ |
| प्रेम | – इच्छा वा भावना, न्यानो मनपराइ वा बलियो सम्बन्धका भावनाहरू | ३ |
| पैतृक आत्माहरू | – मृतक पितृहरूका आत्माहरू, आत्माहरू (नातेदारहरू) जसलाई अझै पनि परिवारको अङ्ग सम्झिइन्छ र जीवित-हरूका जीवनमा काम कुराहरूलाई परिवर्तन गर्नसक्ने शक्ति उनीहरूमा छ भनी विश्वास गरिन्छ। | १ |
| फकाउनु | – आशा वा इच्छाहरू उब्जाई आकर्षण गर्नु; केही गर्नका लागि खुशी पार्ने कोशिश गर्नु। | ६ |
| बिन्ती | – आफूभन्दा माथिको वा ईश्वरलाई गरिने आग्रह; प्रार्थना; केही कुरा माग्नु वा निवेदन गर्नु। | १ |
| भातृत्व | – दाजु-भाइहरू हुने गुण वा अवस्था; धार्मिक भातृत्वपन। | २ |
| मनन | – भक्तिगत कार्यका रूपमा पवित्र थोकहरूमा शान्त, गहिरा विचारहरू। | १ |
| मनमोजीहरू | – स्वार्थ-केन्द्रित र स्वार्थी व्यक्तिहरू; आफू र आफ्नै इच्छाहरूका बारेमा मात्र सोच्ने व्यक्तिहरू। | १ |

| | | |
|---|---|---|
| महान् आज्ञा | – सारा संसारभरि सुसमाचार सुनाउनुपर्ने येशूको आज्ञा; मत्ती २८:१६-२० मा प्रयोग भएझैं महान् आज्ञाका विभिन्न पक्षहरू छन्, *जसलाई पाठमा* दिइएको छ। | ५ |
| मिथ्याहेतु | – गलत धारणा; भूल विश्वास; भूल। | ४ |
| मूर्तिपूजक | – जसले कुनै आकृति वा धेरै देवता-हरूलाई पूजा गर्छ। | ७ |
| राष्ट्र-केन्द्रित | – *पाठमा अति विशेष किसिममा प्रयोग* भएको छ, आफ्नो जीवनका केन्द्र ख्रीष्ट हुनुका सट्टा आफ्नो जीवनका केन्द्रका रूपमा राष्ट्रलाई राख्ने व्यक्ति। | ८ |
| वास्तविकता | – वास्तविक अस्तित्व; वास्तविक थोक; साँचो तथ्य। | ३ |
| विजय | – शैतानलाई जित्ने अर्थ दिएर आत्मिक रूपमा प्रयोग भएको; शैतानसँगको संघर्षमा सफल जीत; पराजय नहुनु, हाम्रा विरुद्धमा शैतानले प्रयोग गर्ने थोकहरूलाई कब्जा गर्नु। | ६ |
| विजयी | – कोही व्यक्ति वा केही थोकमाथि कसैले प्राप्त गरेको जय, विजय, जीत, *पाठमा प्रयोग भएअनुसार* शैतानलाई कब्जा गर्नु, जित्नु। | ६ |
| विश्वासी | – ख्रीष्टियानको निम्ति प्रयोग गरिएको शब्द; येशू ख्रीष्टको व्यक्तित्व र काममा उद्धार गर्ने विश्वासको अभ्यास गर्ने व्यक्ति। | २ |
| शुद्धता | – भित्रिया पवित्रता; अशुद्ध पार्ने कुनै पनि थोकबाट अलग; परमेश्वरबाट प्राप्त भित्रिया धार्मिकता। | ६ |

| | | |
|---|---|---|
| संस्कृति | – कुनै बेलाका मानिसहरूको समूहका विचारहरू, रीतिथितिहरू, सीपहरू इत्यादि। | २ |
| समर्थन | – जीविकाको निम्ति हामीलाई आवश्यक पर्ने सबै थोकहरू: भोजन, लुगाफाटा, बसोबास; जीविकाको सहारा। | ७ |
| समर्पण गर्नु | – सुम्पनु; विरोध त्याग्नु; छोड्नु वा अर्पण गर्नु; सम्पत्ति दिनु। | ६ |
| सर्वमोक्षवादी | – मानिसहरूले जुनसुकै देवतालाई पुजे पनि अन्त्यमा मुक्ति पाउँछन् भनी विश्वास गर्ने व्यक्तिहरू। | १ |
| साधन | – केही थोक पाउने तरीका। | ७ |
| सामाजिक | – मानव प्राणीहरू समूहमा एकैसाथ जिउने कुरासँग सम्बन्धित; अरूहरूसँग एकैसाथ जिउने इच्छा। | ८ |
| सारांश | – छोटो बयानमा मुख्य बुँदाहरू दिनु। | १० |
| सुसमाचार प्रचार | – सुसमाचार सुनाउनु; ख्रीष्टियान विश्वासमा ल्याउनु। | ५ |
| स्वभाव (प्रकृति) | – पाठ १ मा परिभाषा गरिएझैं: बनस्पति र जनावरहरूसहित संसारको सृष्टि; पाठ ५ मा परिभाषा गरिएझैं: आधारभूत गुण, जसले त्यस व्यक्तिलाई त्यस किसिमको बनाउँछ। | १,५ |

# तपाईंको बुँदा टिपोटको निम्ति